**जय नेपाल पार्टी र त्रिकोण**
**सनातन धर्म, संवैधानिक राजसंस्था, प्रजातन्त्र**

**डा. धवलशम्सेर राणा**
सभापित, जय नेपाल पार्टी

निर्वाचन आयोगमा २०८३ साउन २९ गते विधिवत रूपमा जय नेपाल पार्टी (जनेपा) दर्ता गरेपछिको यो पहिलो केन्द्रीय कार्यसमितिको बैठक हो । यो ऐतिहासिक बैठकमा उपस्थित नेतागण, केन्द्रीय सदस्य मित्रहरूलाई स्वागत गर्न चाहन्छु । समयको गति भनौं या नियतिले हामीलाई एकसाथ उभ्याइदिएको छ । नयाँ पार्टी र नयाँ भूमिकाको साथै ठूलो अभिभारा हाम्रो काँधमा आएको छ । स्पष्ट विचार र दृढ संकल्प लिएर नयाँ राजनीतिक यात्रा हामी आरम्भ गर्दैछौं । शान्त, समुन्नत, आत्मनिर्भर र सभ्य नेपाल निर्माण गर्ने पवित्र लक्ष्य तय गर्न, स्पष्ट नीति र कार्ययोजनाको बलमा द्रुततर गतिमा संगठन निर्माण गर्नेछौं । जनअपेक्षालाई ऊर्जा र प्रेरणाको स्रोत मान्नेछौं र जे भन्छौं त्यही कुरा व्यवहारमा लागू गर्नेछौं ।


विधिको शासन, मानव अधिकार, पारदर्शिता, जवाफदेहिता, सुशासन, सामाजिक न्याय, समावेशिता, समानता, बहुलवादमा प्रतिबद्ध जय नेपाल पार्टी शान्तिपूर्ण राजनीतिमा विश्वास राख्ने प्रजातान्त्रिक पार्टी हो । जनमुखी भावनाबाट निर्देशित रहँदै कर्म एवं कर्तव्यनिष्ठ मान्यता तथा आचरण विकास गर्न हामी दृढ संकल्पित छौं । नेपालको ऐतिहासिक विरासत, मौलिक वैचारिक जग र राष्ट्रिय दायित्व नयाँ पुस्ता र भावी पुस्तामा सुरक्षित हस्तान्तरण गर्न पूर्ण रूपमा प्रतिबद्ध छौं ।

**आजको आवश्यकता**
नेपाली समाजका धार्मिक, सांस्कृतिक, नैतिक धरोहर र तिनमा आधारित सभ्यता र विरासतको निरन्तरता आजको आवश्यकता हो । तथापि, राजनीतिमा सेवाभाव, कर्तव्यबोध र समर्पण क्षीण हुँदै जाँदा सामाजिक सहिष्णुता र एकतामा खलल पुग्ने अवस्था सिर्जना भयो । समाजका अगुवाहरूकै चिन्तन र व्यवहारमा स्वार्थ हावी भएपछि, नैतिकता र वचनबद्धता स्खलित हुन पुग्यो । यसकारण, राष्ट्रियताको जग सुदृढ गर्दै एकता, स्थिरता र आर्थिक समुन्नतिको बाटो तय गर्नुपर्ने ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा आइपुगेको छ ।

राजनीतिलाई व्यापार मान्ने, जनताको एजेन्डालाई सत्ताको भऱ्याङ बनाउने र एउटा भन्ने तर अर्को गर्ने जस्ता स्वार्थी एवं आत्मकेन्द्रित प्रवृत्तिका कारण राष्ट्रवादी विचार र एजेन्डामाथि अविश्वास सिर्जना गर्ने नियोजित काम भइरहेको छ । त्यसैले राष्ट्र, राष्ट्रियताका विहंगम महत्व उजागर गर्न, नेपालको गौरवमय विरासत निरन्तर राख्न, वस्तुतः राष्ट्रवादको एजेन्डा बचाउन र बढाउन जय नेपाल पार्टीको छातामुनि हामी गोलबद्ध हुनुपर्ने ऐतिहासिक अवसर सिर्जना भएको छ ।

यस अर्थमा, सनातन धर्म, संवैधानिक राजसंस्था र प्रजातन्त्रका बलियो जगमा उभिएर देश र जनताको मुद्दा र एजेन्डा इमानदारीका साथ अघि बढाउनु अपरिहार्य भएको छ । जसअनुरूप, राष्ट्रियता र एकताको आधार संवर्द्धन गर्दै, ऐतिहासिक विरासत नयाँ पुस्ता र भावी पुस्तामा सुरक्षित हस्तान्तरण गर्न हामी प्रतिबद्ध छौं ।

**त्रिकोण**
**हिमाल, पहाड, तराई – एकता, स्थिरता, समुन्नति**



**सनातन धर्म, संवैधानिक राजसंस्था, प्रजातन्त्र**

- **सनातन धर्म :** नेपाललाई हिन्दु, बौद्ध, किरातसहितको सनातन अधिराज्यका रूपमा पुनःस्थापना गर्ने ।
- **संवैधानिक राजसंस्था :** अभिभावकीय, राष्ट्रिय एकता र राष्ट्र रक्षकको भूमिकामा रहने संवैधानिक राजसंस्थाको पुनःस्थापना गर्ने ।
- **प्रजातन्त्र :** बहुदलीय प्रजातान्त्रिक अभ्यास, विधिको शासन, भ्रष्टाचार नियन्त्रण र सुशासनमार्फत देशमा आर्थिक समुन्नति हासिल गर्ने ।

**प्राथमिकता र प्रतिबद्धताहरू**

१. 'नेपाल पहिलो' भन्ने राष्ट्रिय मान्यता र सनातन सभ्यता राष्ट्रिय गौरवका आधारशिला हुन् ।

२. नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान, इतिहास, सभ्यता, संस्कृति, परम्परा र राष्ट्रिय एकताको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न हामी प्रतिबद्ध छौं ।

३. राष्ट्रियता, देशभक्ति, राष्ट्रवाद, प्रजातन्त्र, उदारवाद, उत्पादनमुखी प्रतिस्पर्धात्मक मिश्रित अर्थतन्त्रमा आधारित जनकल्याणकारी राज्य शान्ति र समृद्धिका आधार हुन् ।

४. संवैधानिक राजसंस्थासहितको प्रजातान्त्रिक शासन प्रणालीमा हिन्दु बौद्ध किरातसहितको सनातन अधिराज्य पुनःस्थापना गर्न दृढसंकल्पित छौं ।

५. नेपालको राष्ट्रिय हित, राष्ट्रिय सुरक्षा, असंलग्न परराष्ट्र नीति तथा विश्व शान्तिप्रतिको प्रतिबद्धता सुदृढ गर्दै सम्मानित अन्तर्राष्ट्रिय सम्बन्ध विकास गर्ने हाम्रो लक्ष्य हो ।

६. विज्ञान, नवप्रवर्तन, प्रविधि विकास, डिजिटल सुशासन तथा ज्ञानमा आधारित अर्थतन्त्रको प्रवर्द्धन गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउनेछौं ।

७. भ्रष्टाचार, दण्डहीनता, गरिबी, विभेद, अपराधीकरण र सबै प्रकारका अन्याय न्यूनीकरण गर्दै अवसरसम्पन्न, रोजगारमुखी, स्थिर, समृद्ध र आत्मनिर्भर नेपाल निर्माणमा योगदान पुऱ्याउन संकल्पित छौं ।

८. नेपालको संस्कृति, परम्परा, सनातन सभ्यता, सहिष्णुता, परम्परागत ज्ञान, नैतिक मान्यताको संरक्षण, संवर्द्धन तथा पुस्तान्तरण गर्दै नयाँ पुस्ता तथा भावी पुस्तामा सभ्यतागत विरासत सुरक्षित हस्तान्तरण गर्ने हाम्रो अठोट हो ।

९. जल, जमिन, जंगल, जडीबुटी, उद्योग, कृषि, पर्यटनमा लगानी र विकास गरी आर्थिक समृद्धि तथा रोजगारी सिर्जना गर्न हामी क्रियाशील रहनेछौं ।

१०. निःशुल्क गुणस्तरीय शिक्षा, स्वास्थ्य, सीप विकासबाट युवाहरूलाई शिक्षा र विकासको अवसर प्रदान गर्न प्रतिबद्ध छौं ।

११. युवाको नेतृत्व, महिला सशक्तीकरण, उद्यमशीलता, सीप, अनुसन्धान, सिर्जनशीलता तथा राष्ट्रिय विकासमा अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्न संकल्पित छौं ।

१२. वातावरण संरक्षण, प्राकृतिक स्रोतको दिगो उपयोग तथा जलवायु उत्तरदायी विकासमार्फत वर्तमान तथा भावी पुस्ताप्रति राष्ट्रिय दायित्व निर्वाह गर्नेछौं ।

**एकताको आह्वान**

संवैधानिक राजसंस्था र धर्ममा विश्वास राख्ने, प्रदेशको पुनर्संरचना, भ्रष्टाचारको न्यूनीकरण र सुशासन चाहने सबै नेपालीलाई एकजुट भएर अघि बढ्न हामी हार्दिक आह्वान गर्दछौं । आगामी स्थानीय निर्वाचनमा उम्मेदवार बन्न इच्छुक प्रतिभाशाली नागरिकहरूलाई सम्पर्क गर्न, पार्टीमा आबद्ध भएर तयारीसाथ अघि बढ्न अनुरोध र आह्वान गर्दछौं ।

सनातन धर्म, संवैधानिक राजसंस्था र प्रजातन्त्रका आधारस्तम्भमा हिमाल, पहाड, तराईलाई जनताको प्रेरणाबाट एकताबद्ध राख्ने हाम्रो प्रण हो । यही उद्देश्यका साथ देशका ७७ वटै जिल्लामा संगठन निर्माणका क्रम संस्थागत रूपमा प्रारम्भ गर्नेछौं । केन्द्रीय कार्यसमिति, प्रदेश, जिल्ला र स्थानीय तहका संगठनहरू क्रमिक रूपमा विस्तार गर्नेछौं । जय नेपाल पार्टी निर्वाचन आयोगमा विधिवत दर्ता गर्ने क्रममा अहोरात्र मेहनत गर्ने पार्टीपंक्ति र आम शुभचिन्तकहरूमा हार्दिक आभार व्यक्त गर्दछौं ।

*जय नेपाल पार्टीको ऐतिहासिक प्रथम केन्द्रीय कार्यसमिति बैठकमा प्रस्तुत राजनीतिक कार्यपत्र*